स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेता पल शाहले जेलबाट रिहा भएपछि आफ्नो कमब्याक फिल्म 'मायावी'को समेत छायांकन पूरा गरिसकेका छन् । छायांकन सुरु हुनअघि पोखरामा अभिनेता अनुप बरालबाट मेथर्ड एक्टिङ समेत सिकेका थिए । कमब्याक फिल्म भएकाले उनी 'मायावी'लाई लिएर गम्भीर छन् । करिअरका लागि यो फिल्म व्यावसायिक रुपमा सफल हुनैपर्ने दबाबमा उनी छन् । उनले आइतबारदेखि पाइपलाइनमा रहेका म्यूजिक भिडियोलाई समय दिन थालेका छन् ।

**आजको विचार...**



जनता...
(दुई पेजमा)

रञ्जित तामाङ



अभिनेत्री आँचल शर्मा अभिनित तथा नेपाल-भारत संयुक्त लगानीमा निर्माण भएको फिल्म 'हिटम्यान'को पोस्टर र टिजर सार्वजनिक भएको छ । काठमाडौं र पोखरासहित यो फिल्मलाई भारत र फ्रान्समा समेत खिचिएको छ । फेब्रुअरीमा प्रदर्शन गर्ने जनाइएको यो फिल्मलाई विष्णु अधिकारीले निर्माण तथा निर्देशन गरेका हुन् । यो फिल्म नेपालीसँगै हिन्दी, तेलुगू, तमिल, कन्नडा, मलायलम, अरबी र चिनियाँ भाषामा प्रदर्शन हुने जनाइएको छ । प्रेसमिटमा देखाइएको टिजरमा अधिकारी मात्र देखिएका छन् भने आँचल शर्मालाई देखाइएको छैन ।

❑ वर्ष २९ ❑ अंक १२७ ❑ २०८० मंसिर १९ गते मंगलबार 5 December 2023, Tuesday ❑ पृष्ठ संख्या ४ मूल्य रू ५/-

सन्दर्भ : विश्व माटो दिवस

# पाल्पामा खस्कियो माटोको उर्वराशक्ति

## बढ्यो अम्लीय पदार्थ

**रामचन्द्र रायमाझी**

**पाल्पा,** मंसिर १८/कृषि उत्पादनका लागि उर्वर मानिने पाल्पामा पछिल्लो समय खेतीयोग्य जमिनको उर्वराशक्ति खस्केको छ । माटोमा अम्लीय पदार्थ बढ्दै गएपछि माटोको उर्वराशक्ति खस्केको हो ।

कृषि ज्ञानकेन्द्रले निरन्तर माटोको जाँच गर्दा माटो बिग्रिएको अवस्थामा पाइएको जनाएको छ । रासायनिक मलको निरन्तर प्रयोगले माटो बिग्रँदै गएको हो । ज्ञानकेन्द्रले आर्थिक वर्ष २०७९/०८० मा जिल्लाका १० वटै स्थानीय तहमा गएर एक हजार एक सय ७ माटोको नमूना परीक्षण गरेको थियो । यहाँका अधिकांश ठाउँको माटो अम्लीय रहेको कृषि ज्ञानकेन्द्र पाल्पाका कृषि प्राविधिक लवकुस प्रसाद कुर्मीले बताए । 'हामीले ११ सय ७ माटोको नमुना हेर्‍यौं, जसमा २ सय ८१ नमूनामा माटो अम्लीय देखिन्छ,' उनले एनजेडीसँग भने, 'माटोमा रासायनिक पदार्थ धेरै प्रयोग गर्दा यो समस्या देखिएको हो ।' कूल नमूना परीक्षणमा १६ वटा नमूनामा क्षारीय, ८ सय १० वटामा (न्यूटल) तटस्थ रहेको कुर्मीले बताए । धेरैजसो बाली उत्पादनका लागि तटस्थ माटो उपयुक्त हुने भए पनि यस्तो खालको माटोको गुणस्तर कम हुने गर्दछ । माटोको पिएच मान ७ हुँदा तटस्थ हुन्छ । त्यहाँभन्दा जति धेरै तल झर्‍यो, त्यति नै अम्लीय हुने गर्दछ । यहाँ माटो अम्लीयसँगै, नाइट्रोजन, फसफोरस, पोटास, प्रांगारिक पदार्थ पनि कम छ । मुख्यत: रासायनिक मलको बढ्दो प्रयोगले माटो बिरामी हुँदै गएको कृषि ज्ञान केन्द्रको विश्लेषण छ । प्राविधिक कुर्मीका अनुसार यहाँको १० दशमलव ७५ प्रतिशत माटोमा नाइट्रोजनको मात्रा अधिक रहेको छ । यस्तै परीक्षणबाट ३५ दशमलव ६८ प्रतिशतमा नाइट्रोजनको मात्रा मध्यम र ५३ दशमलव ५७ प्रतिशतमा न्यून रहेको उनले बताए । फस्फोरसतर्फ १२ दशमलव १ प्रतिशतमा उच्च, २७ दशमलव ९१ प्रतिशतमा मध्यम र ६० प्रतिशत न्यून रहेको कृषि प्राविधिक कुर्मीले बताए । उनका अनुसार पोटासतर्फ २१ दशमलव ६ प्रतिशत उच्च, १९ दशमलव ४२ प्रतिशत मध्यम र ५८ दशमलव ९० प्रतिशत न्यून रहेको छ । जिल्लामा अम्लीयपन बढ्दै गएको प्राविधि कुर्मीको भनाई छ । 'यो अवस्था भनेको माटोले उपचार खोजेको अवस्था हो । यतिमा नै माटोलाई उपचार गर्न पहल गरिएन भने उत्पादन र उत्पादकत्व घट्छ,' उनले भने, 'कुनै ठाउँको माटो ज्यादै अम्लीय छ । कुनै ठाउँको थोरै मात्र अम्लीय छ । थोरै भएकोलाई केही सुधार गर्न सके सुधार हुन्छ । धेरै अम्लीय भएकोलाई निकै गाह्रो पर्छ ।' उनले माटोमा भएको अम्लीय पदार्थलाई हटाउन कृषि चुनको प्रयोग गर्नुपर्ने बताए । माटोको गुणस्तर खस्केका कारण उत्पादनमा समेत ह्रास आएको छ । रासयनियक मलको प्रयोग बढ्दै गएका कारण माटोमा अम्लीयपन बढेको प्राविधिक कर्मीको भनाई छ । उनले माटोको उर्वशक्ति बढाउन बढी भन्दा बढी कम्पोष्ट मल, जैविक मल प्रयोग गर्न कृषकहरुलाई सुझाव दिएका छन् । कृषि केन्द्रले माटोको परीक्षण नि:शुल्क गर्ने व्यवस्था गरेकाले समय-समयमा माटो परीक्षण गर्न पनि कृषकलाई आग्रह गरेका छन् । केन्द्रले बेला बेलामा माटो उर्वशक्ति बढाउन कृषकहरुलाई कृषि सामग्री समेत दिर्दै आएको छ ।



हरेक वर्ष डिसेम्बर ५ मा माटोको गुणस्तरका बारेमा प्रचार-प्रसार गर्नुको साथै माटोको परीक्षणका बारेमा जानकारी दिने उद्देश्यले विश्व माटो दिवस मनाउने गरिन्छ । आज पनि नेपालसहित विश्वभर यो दिवस मनाइँदै छ । एफएओको सिफारिसमा संयुक्त राष्ट्र संघको ६८ औं महासभाको निर्णयले सन् २०१३ डिसेम्बर ५ देखि यो दिवस मनाउन सुरु गरेको थियो । नेपालमा भने सन् २०१४ डिसेम्बर ५ देखि औपचारिक रूपमा यो दिवस मनाउन सुरु गरिएको हो ।


### संक्षिप्त समाचार

## गाजामा मृत्यु हुनेको संख्या पन्ध्र हजार नाघ्यो

**(रासस/सिन्ह्वा)**

**गाजा,** मंसिर १८/गत अक्टोबर ७ देखि हालसम्म गाजापट्टीमा इजराइली हमलामा मर्ने प्यालेस्टिनीहरूको संख्या १५ हजार पाँच सय २३ पुगेको हमासको स्वास्थ्य मन्त्रालयले आइतबार बताएको छ । मन्त्रालयका प्रवक्ता असरफ अल-किद्राले पत्रकार सम्मेलनमा स्वास्थ्य सेवाहरू प्रभावित हुँदा प्यालेस्टिनी परिसरमा घाइते मानिसको संख्या ४१ हजारभन्दा बढी भएको जानकारी दिए । उनका अनुसार उत्तरी गाजाका अस्पताल आवश्यक स्वास्थ्य सेवा प्रदान गर्न असमर्थ भएकाले सयौं घाइतेको उपचार अत्यन्त सीमित चिकित्सा उपकरणबाट जमिनमा भइरहेको छ । उनले गाजापट्टीका सबै अस्पतालमा चिकित्सा र शैया क्षमताभन्दा बढी सेवा प्रवाह गर्नुपर्ने बाध्यताले गम्भीर रोगहरूको उपचार गर्न संसाधनको कमी रहेको बताए । घाइतेहरूको उपचार विदेशमा गर्ने अनुमति दिने सुस्त व्यवस्थाको आलोचना गर्दै किद्राले इजराइल-हमास युद्ध सुरु भएपछि चार सय तीन मानिसलाई मात्र उपचारका लागि गाजापट्टी छाड्ने अनुमति दिइएको उल्लेख गरे ।

## टिपर दुर्घटनामा एकको मृत्यु



**पाल्पा,** मंसिर १८/जिल्लाको रैनादेवी छहरा गाउँपालिका-२ स्थित सिजी कम्पनीको कम्पाउण्ड भित्र टिपर दुर्घटना भएको छ । आइतबार राती कम्पनी भित्रकै माटो एक स्थानबाट अर्को स्थानमा लोड गरी लैजाने क्रममा लु १ क ३१६१ नम्बरको टिपर दुर्घटना भएको हो ।

दुर्घटनामा परी टिपरमा सवार एक जनाको मृत्यु भएको छ । जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक सुगन्ध श्रेष्ठका अनुसार मृत्यु हुनेमा रिब्दीकोट गाउँपालिका-१ ख्याहाका २४ वर्षीय शिरबहादुर पालुङ्गे रहेका छन् । दुर्घटनामा गम्भीर घाइते भएका उनको उपचारका लागि लुम्बिनी मेडिकल कलेज प्रभास पठाईएकोमा चेक जाँचपछि डाक्टरले मृत घोषण गरेको प्रहरीले जनाएको छ । टिपर आफै अनियन्त्रित भई दुर्घटना भएको बताइएको छ । घटनाका विषयमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

**सूचना ! सूचना !! सूचना !!!**

यस आनन्द बचत तथा ऋण सहकारी संस्था लि.बाट कर्जा लिई कारोबार गरी नियमित रुपमा संस्थामा बुझाउन पर्ने साँवा-ब्याज रकम नबुझाउनु भएका ऋणीहरुलाई पटक-पटक फोन, पत्राचार गर्दा समेत बुझाउनु पर्ने रकम नबुझाउनु भएकोले यो सुचना प्रकाशित गरिएको मितिले १५ दिन भित्र संस्थामा सम्पर्क गरी बुझाउन अनुरोध गर्दछौं । अन्यथा उक्त समय भित्र संस्थामा सम्पर्क गर्न नआएमा तपाई लगायत धनजमानीको समेत नामावली पत्र-पत्रिकामा प्रकाशन गरी सहकारी ऐन २०७४ र सहकारी नियावली २०७५ को परिच्छेद ८ को दफा ३० बमोजिम लिलामी प्रक्रिया अगाडि बढाउने यसै सूचना मार्फत जानकारी गराउँदछौं ।

**श्री आनन्द बचत तथा ऋण सहकारी संस्था लि.**
**तानसेन, पाल्पा**
**सम्पर्क : ०७५-५२१५५३**

## शीर्ष नेताकै कारण 'लोकतन्त्र खतरामा' : कृष्ण पहाडी

**कृष्ण पोखरेल**

**पाल्पा,** मंसिर १८/मानव अधिकार तथा शान्ति समाजका संस्थापक केन्द्रीय अध्यक्ष कृष्ण पहाडीले शीर्ष नेताहरुकै कारण लोकतन्त्र खतरामा रहेको बताएका छन् । नागरिकहरुसँगको अन्तर्क्रिया कार्यक्रमलाई तानसेनमा सम्बोधन गर्दै उनले सत्ता पक्ष र प्रतिपक्षमा बसेका शीर्ष नेताहरुकै कारण लोकतन्त्र खतरामा रहेको बताएका हुन् ।

पहाडीले भने 'वर्तमान राजनीतिक दलका नेताहरुबाट लोकतन्त्रलाई बदनाम बनाईएको छ नेताहरुबाट शुसासन होईन कुशासनको काम भईरहेको छ, जनताहरु वाक्क दिक्क बनेका छन् यही मौका छोपेर धार्मिक एजेण्डाको नाममा लोकतन्त्र विरोधी अभियान मौलाउदै गएको छ ।' वर्तमान सरकारबाट शुसासन होईन कुशासन भ्रष्टचार मात्र भएको उनले आरोप लगाए । 'सरकारी रबैयाबाट लोकतन्त्र खतरामा छ, सत्ताको लोभमा नेपाली काँग्रेस जस्तो लोकतन्त्रवादी पार्टीले हिंसात्मक पद्धतीलाई स्विकार गर्दै आएको छ यो गतिविधिबाट पनि लोकतन्त्र माथि खतरा बढेको छ' पहाडीले भने । अहिले विभिन्न स्थानमा जातिय द्वन्द्व बढाएर भिड बटुल्ने काम भईरहेको पनि उनले बताए । यस्ता गतिविधीबाट पनि लोकतन्त्र माथि खतरा रहेकाले जनतालाई सचेत बनाउन जिल्ला जिल्लामा अन्तर्क्रिया अभियान शुरु गरेको मानवअधिकारवादी नेता पहाडीको भनाइ छ । उनले लोकतन्त्रको विकल्पमा अरु कुनै शासन व्यवस्था हुन नसक्ने समेत बताए ।




टाउकोमा जुम्रा परे भन्दैमा जुम्रा मार्ने विधि गर्नु पर्‍यो तर टाउको नै काट्नु पर्छ भन्ने अभियान गलत भएको बताउँदै पहाडीले लोकतन्त्र राम्रो व्यवस्था भएपनि सञ्चालकहरु गलत मनोविज्ञानवादी भएको आरोप लगाए । उनले भने 'लोकतन्त्रमा दलका टाउके नेताहरुले न्यायलय कव्जा गर्ने, सबैधानिक निकाय कब्जा गरेका छन्, प्रहरी प्रशासन कव्जा गरेका छन् यस्तो अवस्थामा कसरी शुसासन कायम हुन सक्छ ? त्यसैले अब नागरिकहरुले आवाज उठाउनुपर्छ ।' शान्ति समाजका केन्द्रीय अध्यक्ष रामकृष्ण पराजुलीले नागरिक आन्दोलन सुस्ताउदै जाँदा लोकतन्त्र माथि खतरा बढेकाले नागरिक समाज नै जुरमुराउनुपर्छ भनि यो अभियान शुरु गरेको बताए । अन्तरर्क्रियामा समाजका केन्द्रीय उपाध्यक्ष कृष्ण बहादुर रावलले लोकतन्त्रको प्राण शुसासन र सद्भाव विषयमा कार्यपत्र प्रस्तुत गरेका थिए । अन्तर्क्रियामा जिल्लाका राजनीतिक दल, पत्रकार, नागरिक समाज, सर्वसाधरणहरुले लोकतन्त्र बचाउन आफुहरुको साथ र सहयोग रहने बताए ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## स्वयंसेवक दिवसको सन्दर्भ

हरेक वर्ष ५ डिसेम्बरमा अन्तर्राष्ट्रिय स्वयंसेवक दिवस मनाउने गरिन्छ । सन् १९८५ देखि संयुक्त राष्ट्रसंघको आयोजनामा हरेक वर्ष यो दिवस मनाइँदै आइएको हो । यस वर्ष नेपालमा पनि सरकारी तथा गैरसरकारी क्षेत्रबाट राष्ट्रिय, स्थानीय तथा समुदायस्तरमा मनाइँदै छ । अन्तर्राष्ट्रिय स्वयंसेवक दिवसको दिनलाई नेपालमा राष्ट्रिय महिला स्वास्थ्य स्वयंसेवक दिवसका रुपमा मनाउने गरिएको छ । यो दिवसले स्वयंसेवा गरिरहेका व्यक्ति वा संस्थालाई हौसला बढाउन महत्वपूर्ण भूमिका खेल्दै आएको छ । नयाँ पुस्तालाई स्वयंसेवा के हो र किन गरिन्छ भन्ने सन्देश समेत यसले दिएको छ ।

यस दिवसलाई खासगरी महिला स्वास्थ्य स्वयंसेविकाको कदर र मनोबल उच्च राख्ने उद्देश्यका रुपमा मनाउने गरिएको भएता पनि त्यसो हुन सकेको छैन । प्रत्येक वर्ष मनाइने यस दिवसले महिला स्वास्थ्य स्वयंसेविकाको कामको कदर र सम्मानमा के भूमिका खेल्दै आइरहेको छ भन्ने प्रश्न जहाँको त्यहीँ नै छ । महिला स्वास्थ्य स्वयंसेविकाहरू नेपालको स्वास्थ्य क्षेत्रको मेरुदण्ड हुन् । उनीहरुले आफूले काम गरिरहेको समुदाय र नेपालको स्वास्थ्य प्रणालीलाई जोड्ने पुलको काम गरिरहेका छन् । यिनीहरूको भूमिका गाउँघर तथा दुर्गम ठाउँमा उल्लेखनीय छ । जहाँका मानिस डाक्टरको पहुँचमा हुँदैनन् त्यस्तो ठाउँमा उनीहरुले निकै महत्वपूर्ण काम गरिरहेका हुन्छन्, तर पनि उनीहरुको कदर र मनोबल उच्च राख्ने काम हुन सकेको छैन । यो अत्यन्त दुःखको कुरा हो । नेपालमा स्वयंसेवाको अभ्यास धेरै पुरानो भएपनि पछिल्ला दिनमा नयाँ पुस्तालाई आकर्षित गर्न सकिएको छैन । स्वयंसेवक विकास र परिचालन सम्बन्धी कुनै निश्चित निकाय नहुनु, स्वयंसेवी कार्यको कुनै मापदण्ड नहुनु र स्वयंसेवकको कामको मूल्याङ्कन कतै नहुनुले यस कामलाई व्यवस्थित गर्न नसकिएको हो । यसर्थ अन्तर्राष्ट्रिय स्वयंसेवक दिवसले नयाँ स्वयंसेवकहरुलाई आकर्षित गर्नुको साथै पुरानाहरुको कामको कदर गर्दै उनीहरुलाई थप काम गर्न हौसल्ला प्रदान गर्ने वातावरण सिर्जना गर्न सकोस् ।

## Opinion @ Social Network

आफ्नै अनुहार आफैले हेर्दा त झनक्क रिस उठेर आउँछ भने,
अरुलाई झन कति रिस उठ्दो हो
*(मञ्जिल मगरको फेसबुक स्टाटसबाट www.facebook.com//manjil.ido)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# जनता नेतासँग रिसाए भन्दैमा व्यवस्था विरुद्ध होहल्ला किन ?



रञ्जित तामाङ

संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएको १७ वर्ष, अनि जनताका प्रतिनिधिले संविधान घोषणा गरेको ८ वर्ष पुग्दैगर्दा नेपालले यस बीचमा दुई आम चुनाव देख्यो । विभिन्न चरणमा गरी संविधानयता तीन प्रधानमन्त्री बने । नेकपा एमाले र नेकपा माओवादी केन्द्रबीच एकता भएर बनेको नेकपाले बहुमत पायो तर सोही अवधिमा दुई-दुई पटक संसद् विघटन भयो । सर्वोच्च अदालतले प्रधानमन्त्रीलाई संविधान सम्झाउँदै संसद् पुनर्स्थापना गराइदियो । सुधारिएको संसदीय व्यवस्था मानेर समृद्धिको यात्रामा तीव्र गतिमा लाग्नुपर्नेमा राजनीति नै रुमल्लिन पुग्यो । निराश भएका जनताले कुनै पनि दललाई एकल भरोसा दिएनन् । हिजोआज सडकमा जुन होहल्ला सुनिँदैछ, तिनै हताश जनताको भावना दुरुपयोग गर्ने चाहना अन्तर्गत भइरहेको छ । विगतमा जनादेशसामु टाउको लुकाएका पुरातन शक्ति यही बेला सल्बलाउन खोज्दैछन् । जनतामा पक्कै निराशा छ, तर व्यवस्थाकै विकल्प खोज्नुपर्छ भन्दै बेमौसमी बाजा कसले बजाउँदैछ, हामीले हेक्का राख्नुपर्छ । यो छोटो अवधिमा नै यो व्यवस्थाको विकल्प खोज्नुपर्ने आवाज उठ्नु, सरकारको काम र जनअपेक्षा बीच दरार पैदा हुनु, राजनीतिक दलहरूको रबैया परम्परागत रहनु, शिशु गणतन्त्र अपरिपक्व हुनु र व्यवस्थाका कमजोरी सुधार्न ध्यान नदिंदा एकथरी मानिस अहिलेको व्यवस्था भन्दा २४० वर्षे राजतन्त्र नै सही भएको बहस गर्न थालेका छन् ।

अर्काथरी मानिसहरू यो व्यवस्थाको विकल्प खोजिनुपर्छ भनेर सीधा भन्ने आँट नगरे पनि परम्परागत दलहरूको विकल्प खोज्नुपर्ने बहस गरिरहेका छन् । युवाहरू टेस्टेड नेताको विकल्प खोज्नुपर्छ भन्ने बहस पनि जबर्जस्त गर्दैछन् । राजनीतिमा निर्विकल्प केही हुँदैन, सम्भवत: त्यसकारण पनि हरेक कुराको विकल्प माथि बहस हुँदैछ । के साँच्चै देशले यो व्यवस्थाको विकल्प खोज्नुपर्ने बेला भएको हो त ? के उसोभए पछि आउने व्यवस्थाले देशलाई खुसी दिन सक्छ ? व्यवस्थाको विकल्प अगाडि बढेर कि पछाडि हटेर खोज्ने ? तेस्रो दलको नेतृत्वको हैसियतमा सहमतीय सरकारको नेतृत्व गरेको भए पनि सरकारको कामबाट जनतामा आशा जागृत हुने कतिपय काम भएका छन् । अघिल्ला सरकारहरूसँग तुलना गर्दा सुशासन, आर्थिक विकास र मितव्ययिताको क्षेत्रमा सरकारले आशा जगाउन सुरु गरेको पनि छ । जनता हतारिनु स्वाभाविक हो, किनभने सबै समस्या छिटो-छिटो समाधान भइदिए कति राम्रो हुनेथियो भनेर उनीहरू ठान्छन् । सरकारसँग आशावादी हुन पाउनु जनताको अधिकार हो । परिवर्तनका कतिपय प्रक्रिया छिटो अघि बढ्छन्, तर सबैको सहमति लिँदै अघि बढ्न केही समय लाग्छ । प्रचण्ड नेतृत्वको सरकारले राजनीतिक समीकरण र संवेदनशीलता बुझ्दै जनताको आकांक्षा सम्बोधन गर्नुपर्नेछ । सरकार जनताको अभिभावक हो । उसले जनताका समस्यामा साथ दिनुपर्छ, जनताको घाउमा मल्हमपट्टी गर्नुपर्छ । सरकारको काम शासन थोपर्ने मात्र होइन, जनताको सेवा गर्ने हुनुपर्छ । जसलाई जवाफदेही र उत्तरदायी सरकार भनिन्छ । जब सरकारले आफ्नो कर्तव्य र दायित्व पूरा गर्छ तब नागरिक पनि राज्यप्रति जिम्मेवार बन्दछ । सरकारले केही गतिलो कामको सुरुवात गरेको छ, सत्ताको दुरुपयोग गरेर गरिएको भुटानी शरणार्थी प्रकरणका दोषीलाई कारबाही, ललितानिवासको जग्गा प्रकरण, मिटरब्याजी विरुद्ध कानुन बनाएर पीडितलाई दिएको राहत, लामो समयदेखि थन्किएको नागरिकता विधेयक जारी, भ्रष्टाचार विरुद्ध, सुशासनको पक्षमा चलाएको अभियानले जनतामा आशा जगाएको छ । तर व्याप्त समस्यालाई हेर्दा यतिले मात्र पुग्ने देखिँदैन । सरकारले गर्नुपर्ने काम चाङका चाङ छन्, जसमा अहोरात्र खटेर परिणाम दिन सके जनतामा भरोसा जाग्छ, देशले छिट्टै काँचुली फेर्छ । जनताको अपेक्षा जसरी बुलेट ट्रेनको गतिमा छ, सरकारले काम पनि त्यही रफ्तारमा गर्नुपर्छ भन्ने छ, तर त्यस अनुरूप सरकारले काम गर्न पाएन भन्ने जनताको बुझाइ छ । मुख्य कुरा देशमा सुशासन कायम गर्नु जरूरी छ, त्यसका लागि व्याप्त अनियमितता र भ्रष्टाचारमा शून्य सहनशीलता सहित ठूला-साना सबै काण्डहरूको एकपछि अर्को छानबिन गर्नुपर्दछ । जनतालाई सेवा प्रवाह गर्ने हरेक ठाउँमा छरितो सेवा प्रवाहको वातावरण बनाइनुपर्दछ ।

संविधान बनेको ८ वर्षमा संघीय ऐन कानुन बनाएर तीन वटै सरकारका कामहरू व्यवस्थित गरेर जनताका कामहरू द्रुत गतिमा गरिनुपर्ने, विस्तृत शान्ति प्रक्रियाका कामहरू १७ वर्षसम्म टुंगो लगाइसक्नुपर्ने । देशमा व्याप्त भ्रष्टाचार र अनियमितता रोक्न दलहरूबीच साझा संकल्प हुनुपर्ने । सरकारले जनतालाई हमेसा जवाफदेही र उत्तरदायी प्रशासनको प्रत्याभूति दिलाउनुपर्ने थियो । नि:शुल्क शिक्षा, नि:शुल्क स्वास्थ्य र रोजगार सिर्जना गर्न सरकारले गुणात्मक साधनस्रोत केन्द्रित गरेर परिणाममुखी काम गर्नुपर्ने थियो । 'डोजरे विकास' 'पहुँचवाला विकास' नभई अत्यावश्यक र रणनीतिक पूर्वाधार विकासलाई प्राथमिकता दिइनुपर्ने थियो । यी तमाम कामहरूमा सरकार दबाबमा परेको र असहयोग भएको बुझिन्छ तर सरकारले यी तमाम काम छिचोल्ने हिम्मत गर्नुपर्छ । नत्र सरकारको परिबन्दको फाइदा अरूले उठाउने छन् ।

### राष्ट्रिय उत्पादनमा जोड

लडाइँ लड्न पठाउने तर गोलीगंगा नदिंदा के दुश्मनलाई पराजित गर्न सम्भव होला ? राष्ट्र निर्माण र उत्पादन यस्तै भएको छ । जबसम्म कुनै पनि राजनीतिक नेतृत्वदेखि तलसम्म उत्पादनमा भाग लिने, रोजगार सिर्जना गर्ने संस्कार बन्दैन तबसम्म राष्ट्र निर्माण सम्भव छैन । नेताहरूले भन्ने एउटा भाषा छ- पोलिटिक्स इन कमाण्ड । यही भनाइलाई सिद्धान्त मानेर जस्ताको त्यस्तै राष्ट्र निर्माण र उत्पादनमा लागू गर्दा के होला ? यो दुवै काम प्रमुख राजनीतिक नेतृत्वबाट सुरु गरिनुपर्छ भन्ने हुन्छ । हो यहींबाट सुरु गरौं । हाम्रा छिमेकी मुलुकहरू भारत सन् १९४७ मा स्वतन्त्र भई संविधान बनेपछि राष्ट्रिय उत्पादनमा नेहरूले नै नेतृत्व गरे । हरेक कुरा स्वदेशमा उत्पादित प्रयोग गरेर राष्ट्रिय उत्पादनलाई प्रोत्साहित गरे । चीनमा पनि सन् १९४९ मा जनवादी सत्ता प्राप्तिपछि माओले पनि ठूल्ठूला उत्पादन सहकारी सञ्चालन गरेर राष्ट्रिय उत्पादनमा उल्लेख्य सुधार गरे । हामीलाई पनि ९० प्रतिशत परनिर्भरतालाई अन्तर निर्भरतामा बदल्ने नेतृत्व चाहिएको छ । यसका लागि फेरि पनि राजनीतिक नेतृत्वले नै पहल लिनुपर्दछ । यसका लागि सरकारले देशका युवाहरूलाई रोजगार र स्वरोजगारको वातावरण बनाई राष्ट्र निर्माणमा भूमिका खेल्न अपील गर्नुपर्छ । त्यसका लागि राज्यले रोजगारको अवसर सिर्जना गर्ने कुरामा ध्यान दिनुपर्छ । सँगै युवाहरूलाई स्वरोजगार, आत्मनिर्भर बन्न आवश्यक तालिमको व्यवस्था, विना धितो प्रोजेक्ट अनुरूपको कर्जा र पूँजी लगानी गरिदिनुपर्छ । साथै बजार व्यवस्थापनमा सरकारले भूमिका खेलिदिनुपर्छ । सरकारले हरेक उद्यमीलाई व्यापार सुरक्षाको प्रत्याभूति दिलाउनुपर्दछ । तब मात्र युवा पलायन क्रमश: रोकिँदै जान्छ ।

संविधान जारी भएपछिको समय हाम्रा लागि असाध्यै महत्वपूर्ण थियो र छ । यसका लागि सरकारको नेतृत्व गरेको दल होस् वा प्रतिपक्षमा बसेको दलका बीचमा यस्तो साझा संकल्प जरूरी थियो जसले युगीन आवश्यकताहरूमा सहकार्य, सहमति गर्नुपर्ने थियो । संघीय लोकतान्त्रिक गणतन्त्र जनताको सर्वाधिक लोकप्रिय व्यवस्था बनाउन राजनीतिक नेतृत्वले आफ्नो हठबाट पछि हटेर महानताको प्रदर्शन गर्नुपर्ने थियो । जनताको निराशालाई आशामा बदल्न राजनीतिक नेतृत्वले सम्पूर्ण तागत लगाउनुपर्ने थियो । संविधान जारी भएसँगै 'व्यवस्था परिवर्तनको' आन्दोलन संस्थागत भएको र अबको राजनीतिक अभियान 'अवस्था बदल्ने' हुनेछ भनेर निर्वाचनमा जनतासँग गएका राजनीतिक नेतृत्व चुनाव सकेर फर्किएसँगै आफैंले बोलेका कुरा बिर्सिएको गुनासो गर्छन् जनता । गाउँघरका युवा सबै पलायन भइसके । राजनीतिक दलका वर्तमान नेतृत्वले यसबारे खास चासो दिएको देखिँदैन । दिए पनि त्यसको विकल्प तयार गरिएको छैन । बरु हरेक भाषणमा यो विरहको सारंगी बजाएर चुनाव जित्ने तर यसलाई रोक्ने नीति बनाउन कहिल्यै नलाग्ने । यो रवैयाका कारण युवा पुरानो राजनीतिक नेतृत्वसँग असन्तुष्ट छ । गत चुनावमा देखिएको रुझान त्यसैको उपज हो । अहिले झन् असन्तुष्टिको ग्राफ बढेको छ । त्यसैले देशले परीक्षण नभएको अहिलेको भन्दा गतिशील नेतृत्व चाहिरहेको छ । यसो भन्दा वृद्ध उमेरका नेताहरूलाई असजिलो लाग्न सक्छ । तर सच्चाइ यही हो कि जनअपेक्षा अनुरूप परिणाममुखी काम गर कि बाटो खाली गर । नत्र जनता आफैंले निर्णय लिनेछन् । यो कुरा अहिले सिनियर नेतृत्वको हकमा मात्र होइन, सबैको हकमा हुन्छ । बदलिएको समय, सोच, आवश्यकता अनुरूप राजनीतिक प्रणाली र प्रवृत्ति पनि बदलिन्छ । समय अझै घर्किसकेको छैन । तर राजनीतिक दलका नेतृत्वलाई भने कमजोरी सुधार्ने अन्तिम अवसर मात्र छ । जनताको दलहरूप्रतिको वितृष्णा, व्यवस्थाप्रतिको असन्तुष्टि र नेताहरूसँगको आक्रोशलाई राजनीतिक दलहरूले गम्भीरतापूर्वक लिनुपर्दछ । यसो भएमा सरकार र दलहरूलाई दोषी करार गरेर राजनीतिक लाभ लिइरहेका कस्मेटिक, हुल्लडवाजहरूको एजेण्डा सिद्धिन्छ । तिनले जनतामा गरिरहेको निराशाको व्यापार बन्द हुनेछ । जनताको पीडामा गोहीको आँशु बगाउँदै यो व्यवस्थामाथि गालीगलौज गर्नेहरूको मखुण्डो उध्रिनेछ । देशलाई प्रतिगमनमा फर्काउन चाहने शक्तिहरू पनि मेटिएर जानेछन् ।

हाम्रो गणतन्त्र किशोर उमेरमा छ भन्न सकिन्छ, संघीय लोकतान्त्रिक गणतन्त्रको पूर्व अभ्यास भएको थिएन, त्यसैले तुलनात्मक कमी-कमजोरी सम्भव भएन । तर पनि यो व्यवस्थासँग जनताको अलि बढी नै अपेक्षा हुनु स्वाभाविक छ । नेपालमा लामो समय राजतन्त्र बीचमा जहानियाँ राणाकाल, राजा सहितको संसदीय प्रजातन्त्रका पूर्व अभ्यासहरूले आम जनमानस जुन राजनीतिक प्रणालीसँग अभ्यस्त हुँदै आयो, त्यो लामो शृंखला रोकिएर आएको नयाँ राजनीतिक प्रणालीसँग अभ्यस्त हुन केही समय अझै लाग्ला, तर सर्वसाधारणले तुलना गर्ने कुरा धेरै ठूलो र गहिरो हुँदैन । उनीहरूले विगतको व्यवस्थामा जनताको अधिकार, सरकारको काम र घरदेखि भान्सासम्म देखिने भिन्नतालाई तुलना गर्ने हो । जन्मजात वंश परम्पराको आधारमा बन्ने शासकको रवैया र जनताबाट निर्वाचित जनप्रतिनिधिबीचको प्रवृत्तिगत तुलना हेर्ने हो । जनताले धेरै ठूलो संघर्षबाट ल्याएको व्यवस्था भएकोले जनताले यो गणतन्त्रसँग बढी आशा गरेका हुन् । जन्मजात राजा भएर आउनेले जनताको भलो नगरेकोले जनताकै छोराछोरी जनताले चुन्ने भएकोले भलो गर्छ भनेर यो व्यवस्था ल्याएको हो । तर अपेक्षित परिणाम प्राप्त नहुँदा जनता दलसँग रिसाए, निर्दलको समर्थन गरेको होइन, नेतासँग जनता रिसाए, महाराजसँग मीत लाएको होइन, व्यवस्थाको अव्यवस्थासँग जनता रिसाए, पुरातन व्यवस्था रोजेको हुँदै होइन । कसैमा भ्रम नरहे हुन्छ । बरु हिजो सत्ताका लागि धेरै लुछाचुँडी भए गणतन्त्रमा राजनीतिक नेताहरू इतिहासको अँध्यारो पक्षबाट पाठ सिकेर सफा सङ्लो राजनीति गर्छन् देश बनाउँछन् भन्ने जनविश्वास केही हदसम्म धर्मराएको सत्य हो । अब पनि राजनीतिक नेतृत्वले जनभावना बुझेन भने, व्यवस्थाका कमजोरी सच्याएर हामी सबै सच्चिने वाचा नगर्ने हो भने देश अन्योल र किंकर्तव्यविमूढ दिशामा जानेछ । यसको फाइदा पानी धमिल्याएर माछा मार्ने प्रवृत्तिले लिनेछ । यसर्थ हुर्कंदै गरेको संघीय लोकतान्त्रिक गणतन्त्रलाई सही बाटोमा डोऱ्याउने प्रण गरौं ।

***-अनलाइन खबर डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पिटल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** :विश्वासपात्रबाटै धोका पाइने सम्भावना देखिएकाले सजग रहनुहोला। | **तुला** : अवसर प्राप्त भए पनि पहिलेको हरहिसाब नमिल्नाले समस्या पर्ला । |
| **बृष** : जिम्मेवारी प्राप्त भए पनि बेलामा होस नपुऱ्याउँदा पछि परिनेछ । | **बृश्चिक** :काममा चुनौती देखिए पनि स्थितिलाई सहज बनाउन सकिनेछ। |
| **मिथुन** : परिबन्धले समस्या निम्त्याउने हुँदा योजना गोप्य राखेर अघि बढ्नुहोला। | **धनु** : काम बिग्रने भयले सताउनेछ भने न्यून उपलब्धिमा चित्त बुझाउनुपर्ला । |
| **कर्कट** : परिवेश उल्लासमय रहे पनि मनको डरले भने सताउनेछ । | **मकर** : गोप्य सूचना बाहिरिने हुँदा बोली, व्यवहारमा सजग रहनुहोला। |
| **सिंह** :बेसुरमा धन खर्च गर्नाले सञ्चित र कम सकिनेछ। अर्थअभावले सताउन सक्छ। | **कुम्भ** : सम्भावना देखिए पनि उपलब्धि हातपार्न निकै मिहिनेत पर्नेछ । |
| **कन्या** :व्यापार, साझेदारी र सट्टापट्टामा लाभ मिल्नेछ। श्रमको उचित मूल्यांकन हुनेछ । | **मीन** : समयको माग अनुसार चल्न नसक्दा पछि परिनेछ । |

जना प्रविधि

# केयूले ल्याएको हाइड्रोजन कार कहिलेदेखि चल्छ ?




धुलिखेलस्थित काठमाडौं विश्वविद्यालय (केयू) परिसरमा कोरियाबाट भर्खरै ल्याइएको एउटा नयाँ गाडी गुड्ने प्रतीक्षामा छ । उक्त गाडी पेट्रोल, डिजेल वा ब्याट्रीबाट नभई हाइड्रोजनबाट चल्ने गाडी हो । विश्वविद्यालयअन्तर्गत ग्रीन हाइड्रोजन ल्याबले परीक्षण प्रयोजनका लागि केही दिनअघि मात्रै उक्त गाडी नेपाल भित्र्याएको हो । गाडी आइपुगेको करिब तीन साता भइसके पनि इन्धनका कारण अहिलेसम्म सञ्चालनमा हुन सकेको छैन । केयूले निर्माण गरेको हाइड्रोजन फ्युल स्टेशन अन्तिम चरणमा छ । यही मङ्सिर मसान्तसम्म उक्त स्टेशन सञ्चालनमा आउने र त्यसपछि नेपालमा पहिलो पटक हाइड्रोजन फ्युल सेलमा आधारित सवारीसाधन सञ्चालन हुने ल्याएको केयूका उपप्राध्यापक तथा ल्याबका प्रमुख डा विराजसिंह थापा बताउँछन् ।

हाइड्रोजन गाडी नेपाल भित्रिए पनि कानुन अभावका कारण दर्ता नहुने देखिएको छ । नेपालको कानुनले हाइड्रोजन इन्धनमा आधारित सवारी साधनलाई नचिन्ने भएकाले दर्तामा अन्योल सिर्जना भएको डा थापाको भनाइ छ । "नेपालको कानुनले हालसम्म पेट्रोल, डिजेल र ब्याट्रीबाट चल्ने गाडी मात्रै दर्ता गर्नसक्ने व्यवस्था गरेको छ । त्यसैले कानुनी व्यवस्था नभएसम्म यसलाई दर्ता गर्न मिल्दैन", थापाले भने, "कानुनी व्यवस्था नभएसम्म विश्वविद्यालयको अनुसन्धान कार्यका रुपमा मात्रै यो गाडी प्रयोग गर्छौं ।" हाइड्रोजन गाडी ल्याउनुको प्रमुख उद्देश्य विश्वविद्यालयले तयार गरेको फ्युल स्टेशनको अनुसन्धान गर्नु रहेको उनको भनाइ छ । हाइड्रोजन गाडीको 'डेमोस्ट्रेसन'ले हाइड्रोजनको उपयोग र महत्वबारे थप प्रष्ट पार्न सहयोग पुग्ने अनुसन्धान टोलीको विश्वास छ । ल्याब प्रमुख थापा भन्छन्, "हामीले तीन वर्षदेखि हाइड्रोजनबारे अनुसन्धान गर्‍यौं, हामीले बनाएको इन्धनबाट गाडी चलेपछि यसको महसुस जनताले गर्न सक्छन्, त्यतिमात्रै नभएर हाइड्रोजनको उपयोगसम्बन्धी कानुन निर्माणमा समेत यसले सकारात्मक भूमिका निर्वाह गर्न सक्छ ।"

अहिलेसम्म केयूको ल्याबले पेट्रोल गाडीलाई विद्युतीय बनाउनेदेखि नेपालमै उत्पादित हाइड्रोजन इन्धनबाट खाना पकाएर देखाएको छ । ल्याबमा पाँच जना विद्यावारिधिसहित २२ जना अनुसन्धानकर्ताले काम गर्दै आएका छन् । मूलतः हाइड्रोजन र यससँग सम्बन्धित उत्पादनको सम्बन्धमा आर्थिक-प्राविधिक मूल्याङ्कन गर्नु ल्याबको मुख्य उपलब्धि रहेको प्रमुख थापा बताउँछन् ।

**कसरी बन्छ हाइड्रोजन**

पानीलाई रासायनिक प्रतिक्रियामार्फत टुर्क्याएरपछि हाइड्रोजन र अक्सिजन बन्छ । नौ लिटर पानीलाई रासायनिक प्रतिक्रियाबाट टुर्क्याउँदा एक किलोग्राम हाइड्रोजन उत्पादन हुन्छ । त्यसरी टुर्क्याउन ५० देखि ६० युनिट विद्युत् खर्च हुने उपप्राध्यापक थापा बताउनुहुन्छ । यो हिसाबले हेर्दा हाइड्रोजन उत्पादनको लागत विद्युत्को मूल्यमा निर्भर हुने उनको भनाइ छ । एक किलोग्राम हाइड्रोजन उत्पादन गर्न रु दुई सय ५० देखि तीन सयसम्मको विद्युत् खर्च हुने तथा पावर प्लान्टमा गरिने लगानी र प्रशासनिक खर्चलगायत आधारमा नेपालमा एक किलोग्राम हाइड्रोजनको लागत रु पाँच सय पर्ने अनुसन्धानकर्ताको अनुमान छ । बर्खायाममा नेपालमा सयौं मेगावाट विद्युत खेर गइरहेको अवस्था छ । त्यसलाई न्यूनतम मूल्यमा प्रयोग गर्न सक्दा निकै सस्तो मूल्यमा हाइड्रोजन उत्पादन हुनसक्ने प्रमुख थापाको भनाइ छ । उहाँका अनुसार अन्तर्राष्ट्रिय ऊर्जा एजेन्सीले नेपालमा १.५ देखि १.७५ युरो अर्थात् प्रतिकेजी रु दुई सयमा हाइड्रोजन उत्पादन सम्भव रहेको देखाएका छन् । यो विश्वका अन्य देशको तुलनामा सबैभन्दा सस्तो हो ।

हाइड्रोजनले यात्रुवाहक सवारीसाधनमा प्रतिकिलो दुई सय किलोमिटरभन्दा बढी 'रेञ्ज' दिने अन्तर्राष्ट्रिय अनुभव रहेको उनको भनाइ छ । विश्वविद्यालयले ल्याएको सो गाडी ६.५ किलोग्राम हाइड्रोजन फ्युल क्षमताको छ । यसबाट करिब एक हजार दुई सय किलोमिटरको यात्रा गर्न सकिने प्रमुख थापाको जिकिर छ । अहिले पेट्रोलियम सवारीको प्रतिकिलोमिटर इन्धन लागत रु १५ देखि २० पर्छ । हाइड्रोजन फ्युलको लागत यसको तुलनामा निकै सस्तो हो । ब्याट्रीबाट चल्ने गाडीकोभन्दा यो शुल्क महँगो भए पनि ब्याट्रीको फेर्ने खर्चकोसमेत हिसाब गर्दा यसको लागत कम पर्ने अनुसन्धानकर्ताको दाबी छ ।

यससँगै विश्वविद्यालयले हाइड्रोजनमै आधारित रहेर बन्ने मिथेन र एमोनिया ग्यासबारेसमेत अध्ययन गरिरहेको छ । मिथेन हाइड्रोजन र कार्बनडाइ अक्साइडको रासायनिक प्रतिक्रियाबाट बन्छ, यसलाई प्राकृतिक ग्यास भनिन्छ, जुन खाना पकाउने एलपिजीको प्रतिस्थापनदेखि औद्योगिक हिटरमा समेत प्रयोग गर्न सकिन्छ । हाइड्रोजनलाई नाइट्रोजनसँग रासायनिक प्रतिक्रिया गराउँदा एमोनिया बन्छ । नाइट्रोजन हावामा सबैभन्दा बढी पाइने ग्यास हो । यसरी बन्ने एमोनियाको प्रयोग पानीको प्रशोधन, चिस्यान केन्द्रलगायत औद्योगिक प्रयोजनका लागि हुन्छ । एमोनियालाई कार्बनडाइअक्साइड र अक्सिजनसँग रासायनिक प्रतिक्रिया गराए युरिया मल बनाउन सकिने अनुसन्धानकर्ताको भनाइ छ । विश्वविद्यालयले बागमती प्रदेश सरकारसँग मिलेर यस सम्बन्धमा अध्ययन गरेर युरिया मल बनाउन सकिने निष्कर्ष निकालेको थियो । पेरिस सम्झौताले सन् २०५० सम्ममा सबै सदस्य राष्ट्रले कार्बन उत्सर्जनलाई शून्यमा झार्नुपर्ने घोषणा गरेको छ । सो घोषणालाई पूरा गर्न हाइड्रोजन ऊर्जाको प्रयोग बढाउनु उपयुक्त रहेको बताइन्छ । अमेरिका, चीन, जापान, युरोपेली मुलुकले पनि नवीकरणीय ऊर्जाको प्रयोगमार्फत कार्बन उत्सर्जन कम गर्ने उद्घोषका साथ विभिन्न नियम, कानुन बनाएका छन् भने हाइड्रोजन, सौर्यलगायत नवीकरणीय ऊर्जामा लगानी बढाइरहेका छन् ।

अनुसन्धानको यो तीन वर्षमा डा थापा नेतृत्वको टोलीले हाइड्रोजनको अनुसन्धानका साथै यसको महत्वका बारेमा जानकारी गराउने काम गरेको छ । सोही कारण ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयले हाइड्रोजनको उत्पादन तथा उपयोगको सम्बन्धमा राष्ट्रिय नीति बनाउन समिति गठन गरेको थियो । उक्त समितिको प्रतिवेदनका आधारमा अहिले मन्त्रालयबाट राष्ट्रिय नीति तयार भई अन्तिम स्वीकृतिको प्रक्रियामा रहेको छ । नीतिका लागि बनेको तीनवटै समितिमा विज्ञ सदस्यसमेत रहिसक्नुभएका डा थापा अहिलेसम्म आफ्नो टोली गरेको कार्यबाट सन्तुष्ट हुनुहुन्छ । तर यसको व्यावसायिकीरण नभएर अवसर गुमाउनुपर्ने हो कि भन्ने उनको चिन्ता छ । "तीन वर्षअघि सुरु भएको अनुसन्धान आजसम्म आइपुग्दा तल्लो तहसम्म हाइड्रोजनको महत्वबारे सन्देश पुर्‍याउन सफल भएका छौं, यो खुसीको कुरा हो", थापा भन्छन्, "अब व्यापारिक दृष्टिकोणबाट काम थाल्नुपर्छ ।" *-रासस*


**विजय पान पसल**
तानसेन-३, भगवतीटोल, पाल्पा
**हामीकहाँ विभिन्न किसिमका पान पाइन्छ ।**
सम्पर्कः ९८६७३५५८९६


# विज्ञापन नदिने कम्पनीलाई एलन मस्कको अश्लील गाली !



आफ्ना भनाइ तथा गतिविधिहरुका कारण एलन मस्क बारम्बार चर्चामा आइरहन्छन् । सोसल मिडिया प्लाटफर्म एक्स (साविकको ट्वीटर) मा उनले पहिलैदेखि नै विभिन्न मुद्दाहरुमा आफ्ना विचार राख्दै आएका छन् । यिनै मस्क अहिले पुनः एकपटक चर्चामा छन् एउटा अन्तरवार्ताका कारण । जहाँ उनले एक्स प्लाटफर्ममा विज्ञापन नदिने कम्पनीहरुलाई अश्लील गाली गरेका छन् । मस्कले डिज्नी कम्पनीका सीईओलाई पनि गाली गरेका छन् ।

मस्कले गत वर्ष ४४ अर्ब डलरमा ट्वीटर कम्पनी खरिद गरेका थिए । कम्पनीको स्वामित्व आफ्नो हातमा आएसँगै उनले यसको नामसँग प्लाटफर्ममा विभिन्न परिवर्तन गरे । तर ती सबैका कारण विज्ञापनदाताहरु एक्सबाट असन्तुष्ट देखिए । यद्यपि मस्क र विज्ञापनदाताहरु बीचको खिचातानी जगजाहेर नै छ । हालैमात्र मस्क पुनः एकपटक आफ्नो भनाइलाई लिएर विवादमा आएका थिए । उनले सोसल मिडिया प्लाटफर्ममा यहुदी समुदाय विरोधी पोस्ट गरेका थिए र त्यसप्रति माफी मागेका थिए । तर उनको त्यो विवादास्पद भनाइका कारण कैयन् ब्राण्डहरु उनीसँग रिसाए ।

फलतः डिज्नी तथा एप्पल जस्ता कम्पनीहरुले एक्स प्लाटफर्मबाट आफ्ना विज्ञापनहरु फिर्ता लिए । कुनै पनि सोसल मिडिया कम्पनीका लागि विज्ञापन निकै आवश्यक हुन्छ, किनकि विज्ञापन नै उनीहरुको आम्दानीको महत्वपूर्ण स्रोत हो । एक्स प्लाटफर्मबाट विज्ञापन फिर्ता लिने कम्पनीहरुलाई मस्कले 'ब्लाकमेलर'को उपमा दिएका छन् । उनको भनाइ थियो- यदि कुनै ब्राण्डलाई उनको प्लाटफर्ममा विज्ञापन देखाउन चाहना छैन भने नदेखाउन् । न्युयोर्क टाइम्ससँगको एक अन्तरवार्तामा मस्कले भनेका छन्, 'यदि कसैले विज्ञापनको भरमा मलाई ब्लाकमेल गर्न चाहन्छ भने मलाई आफ्नो पैसाबाट ब्लाकमेल गर । Go F*** Yourself । यो कुरो बुझ्यौ ? बब आइगर यदि तिमी दर्शकदीर्घामा बसेका छौ भने मैले यस्तै महशुस गरेको छु । विज्ञापन नगर ।' ***अनलाइन खबर डटकम***

# ह्वाट्स एपमा आफूलाई कसले ब्लक गरेको छ ? कसरी थाहा पाउने ?

पछिल्लो समय ह्वाट्स एप चलाउनेको संख्या बढेको छ । हरेकको फोनमा ह्वाट्स एप पाइन्छ । टाइमपासका लागि मात्रै नभएर अत्यावश्यक कामका लागि यसलाई चलाउनेहरू पनि बढेका छन् । प्रयोगकर्ताको सहजताका लागि कम्पनीले अनेकौं फिचर ल्याइरहेको छ । ह्वाट्एपमा कसैले तपाईंलाई दिक्क बनाइरहेको छ, दुःख दिइरहेको छ भने त्यस्ताबाट बच्ने उपाय पनि छ । अर्थात् उनीहरूलाई ब्लक पनि गर्न सकिन्छ । अब आफूलाई कसैले ब्लक गरेको छ कि छैन त्यो पनि हेर्न सकिन्छ ।

केही सेकेन्डमै यो पत्ता लगाउन सकिन्छ । कसैले तपाईंलाई ब्लक गरेको छ भने तपाईंको च्याटमा त्यो व्यक्तिको अनलाइन स्ट्याटस देखाउँदैन । तपाईंले ऊ कहिले अनलाइन थियो वा लास्ट सिन कति बेला भयो भनेर थाहा पाउन पनि सक्नुहुन्न । कहिलेकाहीँ भने प्रयोगकर्ता नै आफ्नो प्राइभेसी सेटिङमा हेरफेर गरेकोले पनि लास्ट सिन र अनलाइन स्ट्याटस हाइड हुन सक्छ । मलाई यो मान्छेले ब्लक गरिदियो कि जस्तो शंका लाग्छ भने ह्वाट्सएपमा उसलाई फोन गरेर हेर्नुस् ।

तपाईंको फोन लागेन भने बुझ्नुस् उसले तपाईंलाई ब्लक गरेको छ । तेस्रो संकेत चाहिँ त्यो युजरको प्रोफाइलमा फोटो देखिँदैन । उसले प्रोफाइलमा नयाँ फोटो राखेको छ भने तपाईंले देख्न सक्नु हुन्न ।

अर्को संकेत चाहिँ तपाईंले कसैलाई ह्वाट्स एपमा म्यासेज पठाउनु भयो तर म्यासेज एउटा टिकको साथमा मात्रै गयो भने पनि तपाई ब्लकमा पर्नु भएको हुन सक्छ ।

*-रातोपाटी डटकम*


**लुम्बिनी प्रदेश सरकार**
**कृषि तथा भूमि व्यवस्था मन्त्रालय**
**कृषि विकास निर्देशनालय**
**कृषि ज्ञान केन्द्र, पाल्पा**

**सूचना ! सूचना !! सूचना !!!**

*प्रथम पटक सूचना प्रकाशन मिति- २०८०/०८/१८*

यस कृषि ज्ञान केन्द्र, पाल्पाको आ.ब. २०८०/०८१ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार **फलफूल बगैचा सुदृढीकरण कार्यक्रम, हिउदे/बर्षे फलफूल बिरुवा बितरण कार्यक्रम, सिचाई सहित कृषि विकास कार्यक्रम, मूल्य अभिबृद्धिका लागि साना कृषि उद्योग सहयोग कार्यक्रम र रैथाने बालीको प्रबर्द्धन तथा बजारीकरण कार्यक्रम** गरी ५ वटा कार्यक्रमहरुमा सहभागी हुन इच्छुक आवेदक (कृषक, कृषक समुह, सहकारी, कृषि फर्म र कृषिको उत्पादन तथा प्रशोधन कार्यमा संलग्न समिति तथा कम्पनी)हरुले यो सूचना प्रकाशन भएको मितिले ३० दिन भित्र (मिति २०८०/०९/१७ गतेसम्म)मा यस कार्यालयमा कृषि विकास कार्यक्रम संचालन कार्यविधि २०८० अनुसार तपशिलको कागजातहरु सहित निवेदन पेश गर्नु हुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । प्रस्ताव साथ पेश गर्नुपर्ने निवेदनको ढाँचा, व्यवसायिक योजना, संलग्न गर्नुपर्ने कागजात, सञ्चालन कार्यविधि यस कार्यालयको सूचनापाटी/वेवसाइट www.akcpalpa.gov.npबाट प्राप्त गर्न सकिनेछ । थप जानकारीका लागि कार्यालयको सम्पर्क नं. ०७५-५२०१४४ मा सम्पर्क गर्न सकिन्छ । रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु समावेश नहुने व्यहोरा समेत जानकारी गराइन्छ ।

**तपशिल**

१. प्रस्तावकको निवेदन (अनुसुची ३५ बमोजिम)।
२. दर्ता/नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपि (समुह/फर्म/कम्पनी/सहकारी)।
३. स्थायी लेखा नम्बर प्रमाण-पत्र तथा गत आर्थिक बर्षको करचुक्ता प्रमाण-पत्रको प्रतिलिपि।
४. कृषक तथा कृषक समुहको हकमा स्थायी लेखा नम्बर, प्रमाणपत्रको प्रतिलिपि (छनौट भएमा सम्झौता पूर्व पेश गर्नु पर्ने।
५. कार्यक्रम सञ्चालनको लागि व्यवसायिक कार्य योजना सहितको प्रस्ताव (कार्यक्रमको प्रकृति अनुसार) अनुसुची ३८ बमोजिम र उक्त जग्गाको जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपि।
६. सम्बन्धित स्थानीय तहको सिफारिस पत्र।
७. प्रस्ताव स्वीकृत गरी अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपि।
८. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि।
९. निर्माण गरिने पूर्वाधारको हकमा लागत अनुमान तथा नक्शा।
१०. पूर्वाधार निर्माणको हकमा जग्गाधनि दर्ता प्रमाण-पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा १० वा तोकिएको अवधिको करार पत्र।

*सन्तोष कुमार चौधरी*
*नि. प्रमुख*

# बुद्ध शिक्षा प्रचार-प्रसारको माध्यम भजन, संगीत



**पाल्पा,** मंसिर १८/बुद्ध शिक्षा प्रचार-प्रसारको माध्यम भजन तथा संगीत बन्दै गएको छ । नेपाल राष्ट्रिय ज्ञानमाला समितिले बुद्ध दर्शन, शिक्षा, ज्ञान उपदेश तथा मार्गदशनको प्रचार-प्रसार गर्न भजन तथा संगीतलाई माध्यम बनाएको हो ।

जनतालाई सुख, शान्ति राख्न ज्ञानमाला समितिले देशभरी सञ्जाल निर्माण गरी भजन तथा संगीतको माध्यमबाट देश भित्र र बाहिर बुद्ध भजनमार्फत बुद्ध शिक्षा सञ्चालन गर्दै आएको छ । नेपाल राष्ट्रिय ज्ञानमाला पश्चिमाञ्चल क्षेत्रीय उप-समितिले केन्द्रीय समितिका पदाधिकारीहरुसँग तानसेनमा बुद्ध भजनको अवस्था, ज्ञानमाला समितिको कार्यक्रम, बुद्ध शिक्षा प्रचार-प्रसारमा आइपरेका समस्या तथा चुनौती, आगामी दिनमा समितिले गर्नुपर्ने गतिविधी सहकार्यको बारेमा तानसेन टक्सारमा अन्तर्क्रिया समेत गरेको छ । समितिकी केन्द्रीय अध्यक्ष रमना श्रेष्ठले मनलाई प्रशन्न, खुसी बनाउनु नै जीवन सफल हुनु रहेको बताइन् । उनले भनिन् 'हामीले मन वचन र कर्मलाई खुसी बनाउने एउटै उपाय बुद्ध शिक्षा भएकाले संगीत र भजन मार्फत मानिसहरुलाई जोड्ने महान अभियानमा समिति लागेको छ ।' हाम्रो एकमात्र लक्ष्य मानव जीवनलाई सफल र सुखी बनाउनु हो त्यसैले अहिले समिति देशभरी सक्रिय भएको अध्यक्ष श्रेष्ठले बताइन् ।

कार्यक्रममा समितिका बरिष्ठ उपाध्यक्ष विमलबहादुर शाक्य, महासचिव इन्दमुनी शाक्यले एउटा सानो संस्थाबाट शुरु भएको समिति अहिले देश व्यापारी रुपमा फैलिएको र हालसम्म १३१ वटा विहार आवद्ध रहेको बताए । अहिले सबै मानिसले बुद्ध शिक्षाको आवश्यकता महशुस गरेका छन्, त्यसैले ज्ञानमाला समितिको महत्व पनि दिनहुँ बढ्दै गएको महासचिव शाक्यले बताए । कार्यक्रममा बौद्ध धार्मिक अभियन्ता छत्रराज शाक्यले बुद्धका अर्ति उपदेश नै जीवनको मार्गदर्शन भएकाले सबैको सहयोग र सहकार्यबाट अभियान सफल हुने बताए ।

कार्यक्रममा महाचैत्य विहार टक्सारका अध्यक्ष मनिन्द्रप्रसाद बज्राचार्यले ज्ञानमाला समितिले बुद्ध भजनमार्फत चलाएको अभियान उत्कृष्ट रहेको बताए । ज्ञानमाला पश्चिमाञ्चल उप-समितिका उपाध्यक्ष केशवलाल बज्राचार्यको अध्यक्षता, सचिव विरेन्द्रराज शाक्यको सञ्चालनमा कार्यक्रम भएको थियो ।

# तानसेनमा मेयर कप रनिङ्ग शिल्ड हुँदै



**पाल्पा,** मंसिर १८/तानसेन नगरस्तरीय प्रथम मेयर कप रनिङ्ग शिल्ड प्रतियोगिता २०८० हुने भएको छ । नगर खेलकुद विकास समिति तानसेनको आयोजनामा यही मंसिर २० देखि तानसेनको टुँडिखेलमा प्रतियोगिता हुने भएको हो ।

नगर खेलकुद विकास समितिले प्रतियोगिताको बारेमा पत्रकार सम्मेलन गरी जानकारी गराएको छ । समितिका संयोजक एवं ४ का वडा अध्यक्ष हेमन्तराज शाक्यले मंसिर २० गतेबाट फुटवल, पौष ७ गतेदेखि क्रिकेट र पौष २७ गतेदेखि ब्याटमिन्टन प्रतियोगिता सञ्चालन गरिने बताए । फुटबलतर्फ जम्मा सहभागी १० टीमले प्रतियोगितमा भाग लिने छन् भने क्रिकेट र व्याडमिन्टनतर्फ दर्ता हुने क्रम जारी रहेको संयोजक शाक्यले जानकारी दिए । प्रत्येक खेलमा तानसेन नगरपालिकाका १४ वटै वडाबाट सहभागिता रहने नगरपालिकाले जनाएको छ । तीन वर्षसम्म लगातार जित्ने टिमले रनिङ्ग शिल्ड सदाका लागि पाउने छ । फुटबल प्रतियोगितामा प्रथम पुरस्कार नगद एक लाख, द्वितीय पुरस्कार पचाँस हजार घोषणा गरेको छ । प्रत्येक दिन म्यान अफ द म्याचको लागि दुई हजार, उत्कृष्ट गोल किपरको लागि ३ हजार उत्कृष्ट रक्षक (डिफेण्डर) को लागि ३ हजार, उत्कृष्ट फरवार्डको लागि ३ हजार, उदयमान खेलाडीको लागि ३ हजार र उत्कृष्ट खेलाडीको लागि ३ हजार पुरस्कारको व्यवस्था गरिएको संयोजक शाक्यले बताए ।

पत्रकार सम्मेलनमा नगर प्रमुख सन्तोषलाल श्रेष्ठले यस बर्ष रनिङ्ग शिल्ड प्रतियोगिताको लागि १५ लाख बजेट विनियोजन गरेमा आगामी बर्ष बजेटसँगै खेलका विधाहरु थप्दै जाने बताए । उपप्रमुख प्रतिक्षा गाहा सिंजालीले महिला विधाका खेलहरुलाई पनि आगमी वर्षदेखि समावेश गरिने बताइन् । नगरपालिकाले वडास्तरबाटै सबै किसिमका खेलकुद गतिविधी गर्दै जाने सोही अनुसारका विभिन्न किसिमका पूर्वाधारहरुको विकास गर्दै आएको नगर प्रवक्ता यादव सिंह कार्कीले बताए । रनिङ्ग शिल्ड प्रतियोगिता नगरपालिकाले आगामी दिनमा बढी पदक सम्भावना भएका खेलहरुलाई पहिलो प्राथमिकता दिदै बजेट समेत बृद्धि गर्दै जाने प्रमुख प्रशासकीय अधिकृत जिवन ज्ञवालीले बताए । नगर शिक्षा अधिकृत कोपिला न्यौपानेको सञ्चालनमा पत्रकार सम्मेलन भएको थियो ।

# आज अन्तर्राष्ट्रिय स्वयंसेवक दिवस मनाइँदै




**पाल्पा,** मंसिर १८/अन्तर्राष्ट्रिय स्वयंसेवक दिवस आज नेपालसहित विश्वभर विभिन्न कार्यक्रम गरी मनाइँदैछ । हरेक वर्षको डिसेम्बर ५ मा यो दिवस मनाउने गरिन्छ ।

नेपालमा राष्ट्रिय/अन्तर्राष्ट्रिय गैर सरकारी संघ/संस्थाले विविध कार्यक्रमतय गरेका छन् । स्वयंसेवाको महत्वकाबारे सचेतना मुलक कार्यक्रमसहित समाजमा व्याप्त असमानता हटाउन र दिगो विकास लक्ष्य प्राप्तिमा सघाउने गतिविधी उनीहरुले गर्न लागेका हुन् ।

रेडक्रस या अन्य सामाजिक सेवामा स्वयंसेवक भएर कार्य गरेको प्रथम अनुभव बटुलेका हन्, वा कुनै स्वार्थबिना या अफ्ह भनौ अनुभवका लागि विशेषत: सामाजिक संस्था या सरकारी अनि निजी संस्थाहरुमा कार्य गर्नु र समाज अनि आफ्नो व्यक्तिगत गैर मौद्रिक मोह नै स्वयंसेवा हो । समाज, राष्ट्र अनि विश्वकै विकासमा स्वयंसेवकहरुको ठूलो भूमिका रहेको छ । सेवाको मुख्य अर्थ नै स्वयंसेवा हो । तर पछिल्लो समय कार्य अनि दायित्वलाई रकम अनि सुविधासँग तुलना गर्ने चलनले स्वयंसेवाको औचित्यमा कमी हुन थालेको छ ।

## खेलकुद समाचार

# फुटबलमा बुटवल लुम्बिनीको पहिलो जित



**काठमाडौं,** मंसिर १८/एफसी बुटवल लुम्बिनीले नेपाल सुपर लिग (एनएसएल) फुटबल प्रतियोगितामा पहिलो जित दर्ता गराएको छ । त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा आइतबार भएको खेलमा बुटवल लुम्बिनीले स्पोर्टिङ इलाम एफसीलाई २-१ गोल अन्तरले पराजित गर्दै प्रतियोगितामा पहिलो जित दर्ता गराएको हो ।

लुम्बिनीको जितमा स्टेफन बियोङ र एरिक विष्टले गोल गरे । इलामका लागि भने अब्दुलाये बाले एक गोल फर्काए । बुटवलले खेलको ४८ औं मिनेटमा पहिलो गोल गरी अग्रता लिएको थियो । बुटवलका फरवार्ड जिलेस्पी जंग कार्कीले निकालेको क्रसमा बियोङले गोल गर्दै बुटवललाई पहिलो अग्रता दिलाएको हो ।

त्यस्तै खेलको ७९ औं मिनेटमा इलामका अब्दुलाये बाले गोल गर्दै खेललाई एक-एक गोलको बराबरीमा ल्याए । उनले अमथ एनडाको पासमा बराबरी गोल फार्काएका हुन् । त्यसपछि खेल सकिन तीन मिनेट बाँकी छँदा बुटवलका कप्तान एरिक विष्टले गोल गर्दै टोलीको जित सुनिश्चित गरे । यो जितसँगै तीन खेलमा बुटवल लुम्बिनीले ३ अंक जोडेको छ । समान तीन खेल नै खेलेको इलामको पनि समान ३ अंक नै छ ।

वर्गिकृत डिस्प्ले
१ X ५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्कः ०७५-५२०६०१

## अर्थ/कर्पोरेट समाचार

# कारोबारको दोस्रो दिन पनि नेप्से ओरालो यात्रामै



**पाल्पा,** मंसिर १८/नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकको ओरालो यात्रा कायमै रहेको छ । कारोबारको पहिलो दिन आइतबार ओरालो लागेको नेप्से दोस्रो दिन पनि घटेको हो ।

पहिलो दिन सात दशमलव २९ अंकले घटेको नेप्से परिसूचक दोस्रो दिन सोमबार पनि तीन दशमलव ४२ अंकले घटेको छ । दोस्रो दिन कारोबारपछि नेप्से परिसूचक एक हजार आठ सय ४७ दशमलव ८१ अंकमा कायम भएको छ । सो अवधिमा विभिन्न कम्पनीका दुई सय ९२ कम्पनीको ३८ लाख ९६ हजार दुई सय ८७ कित्ता शेयर ४३ हजार चार सय २८ पटक खरिदबिक्री हुँदा एक अर्ब १९ करोड ७२ लाख ५७ हजार आठ सय ९४ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ । कारोबारमा विकास बैंक समूह शून्य दशमलव ०२, वित्त समूह शून्य दशमलव ५५, जीवन बीमा समूह शून्य दशमलव ९७, म्युचुअल फन्ड शून्य दशमलव १५ र निर्जीवन बीमा समूह शून्य दशमलव ३५ प्रतिशतले बढेको छ । अरु सबै समूहको उपसूचक घटेको छ । सबैभन्दा धेरै बैंकिङ र अन्य समूहको उपसूचक समान शून्य दशमलव ६२ प्रतिशतले घटेको छ । त्यस्तै, होटल तथा पर्यटन शून्य दशमलव १८, जलविद्युत शून्य दशमलव १२, लगानी शून्य दशमलव ४८, उत्पादन तथा प्रशोधन शून्य दशमलव ३५, लघुवित्त शून्य दशमलव ०३ र व्यापार समूह शून्य दशमलव ४५ अंकले घटेको छ । समाज लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य सबैभन्दा धेरै आठ दशमलव ०६ प्रतिशतले बढेको छ भने सबैभन्दा धेरै घट्नेमा एनआरएन इन्फ्रास्ट्रक्चर एन्ड डेभलपमेन्ट लिमिटेड र माउन्टेन इनर्जी नेपाल लिमिटेडको शेयर मुल्यमा समान नौ दशमलव ९९ प्रतिशतको गिरावट देखिएको छ । कारोबार रकम र कारोबार भएका शेयर संख्याका आधारमा सबैभन्दा धेरै सोनापुर मिनरल्स एन्ड आयल लिमिटेडको रू सात करोड ४६ लाख ३१ हजार सात सय २३ बराबरको दुई लाख ४८ हजार एक सय ९३ कित्ता शेयर किनबेच भएको छ ।

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई